नेपाल सरकार
संस्कृति ,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
**पर्यटन विभाग**

**पुराना जिन्सी विधुतीय मालसामान (कम्प्यूटर, ल्यापटप, प्रिन्टर लगायत) को लिलाम विक्री सम्बन्धी बोलपत्र आव्हानको सूचना ।**

(दोस्रो पटक प्रकाशित/टाँस भएको मिति २०७८।०३।१७)

यस विभागमा रहेका पुराना जिन्सी विधुतिय मालसामान (कम्प्यूटर, ल्यापटप, प्रिन्टर लगायत) जे जस्तो अवस्थामा जहाँ छन् सोही अवस्थामा सोही स्थानबाट वोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले निम्न लिखित शर्तको अधीनमा रही बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र फाराम सूचना प्रथम पटक टाँस/ प्रकाशित भएको मितिले सातौं दिनको कार्यालय समय भित्र पुतली सडक स्थित एभरेष्ट बैंकमा राजस्व शिर्षक नं. १४२२९, कार्यालयल कोड नं. ३२५-०१३-५०१ खाता नं. ००१००१०६२००००० मा रु.१०००/- जम्मा गरेको सक्कल बैंक भौचर आर्थिक प्रशासन शाखामा बुझाई खरिद गर्न सकिने छ । अन्तिम दिन विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेपछि कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फाराम सूचना प्रथम पटक टाँस/ प्रकाशित भएको मितिले आठौं दिन दिनको १२.०० बजे सम्म दर्ता गर्न सकिने छ । आठौं दिन सार्वजनिक विदा परेमा विदाको भोलि पल्ट कार्यालय खुलेको दिनको १२.०० बजे भित्र दर्ता गराई सक्नु पर्ने छ । बोलपत्र फाराम सिलबन्दी गरी खामको बाहिर बोलपत्रदाताको नाम, ठेगाना खुलाई **"पर्यटन विभागको पुराना जिन्सी विधुतीय मालसामान (कम्प्यूटर, ल्यापटप, प्रिन्टर लगायत) लिलाम सम्बन्धी बोलपत्र, २०७८"** उल्लेख भएको हुनुपर्नेछ ।

३. दाखिला हुन आएका बोलपत्रहरु दोस्रो पटक सूचना टाँस/प्रकाशित भएको मितिले आठौं दिन दिनको २.०० बजे विभागमा उपस्थित बोलपत्रसगं सम्बन्धित व्यक्ति, फर्म, संस्था वा कम्पनी तथा निजका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर व्यक्ति वा फर्म, संस्था वा कम्पनीको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त बोलपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा विदाको भोलि पल्ट कार्यालय खुलेको दिनको २:०० बजे पर्यटन विभागमा खोलिनेछ ।

४. बोलपत्र साथ बोलपत्रदाताले बोल अङ्कको १० (दश) प्रतिशतले हुन आउने बराबरको बैंक जमानत वा वालुवाटार स्थित नेपाल राष्ट्र बैंकमा को.ले.नि.का. काठमान्डौंको (कार्यालय कोड नं.२७-३२५-१९) खाता नं.१२०१२००००१००२५२४, मा धरौटी रकम जम्मा गरी सोको सक्कलै बैंक भौचर संलग्न हुनु पर्नेछ ।

५. बोलपत्र दाखिला गर्ने इच्छुक रजिष्टर्ड फर्म, संस्था वा कम्पनीले मूल्य अभिवृद्धि कर र आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.व. २०७६।७७ सम्मको करचुक्ता पत्रको प्रमाणित प्रतिलिपि र इच्छुक व्यक्तिले नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि बोलपत्र फारमसाथ संलग्न राख्नु पर्नेछ ।

६. सिलवन्दी बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस विभागमा निहित रहने छ ।

शाखा अधिकृत

७. माथि उल्लेखित शर्तहरु बाहेक अन्य कुराहरु प्रचलित कानुन अनुसार हुनेछ ।

८. मालसामानको कुल न्युनतम मूल्य रु. १०६१६१।१८ (एक लाख छ हजार एक सय एकसठ्ठी रुपैया अठार पैसा मात्र) कायम भएकोले सो रकम देखि माथि मात्र कबोल अंक लेख्न सकिने छ । बोलपत्र स्वीकृत भएको बोलपत्रदाता आफुले कबोल गरेको रकममा नियमानुसार लाग्ने मूल्य अभिवृद्धि कर १३% समेत थप गरी जम्मा हुन आउने रकम दाखिला गर्नुपर्नेछ ।

९. यस सम्बन्धि थप जानकारी आवश्यक परेमा वा उल्लेखित सामानहरु हेर्नु परेमा कार्यालय खुलेको समय भित्र विभागको जिन्सी शाखामा सम्पर्क राख्न सकिनेछ ।

१०. सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ बमोजिम रित नपुगी आएको ,सिलवन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

११. यो सूचना पर्यटन विभागको वेभसाइट www.tourismdepartment.gov.np मा समेत हेर्न सकिनेछ ।

शाखा अधिकृत

पर्यटन विभाग